# कोटहीमाई गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८　　संख्याः १　　मितिः २०८०/१२/३०**

**भाग-१**

**कोटहीमाई गाउँपालिका**

**रुपन्देही**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कोटहीमाई गाउँपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## कोटहीमाई गाउँ शिक्षा ऐन, २०८० (प्रथम संसोधन )

**गाउँ सभाबाट स्वीकृत मितिः२०८०/०३/३१**

**प्रथम संसोधन मितिः २०८०/१२/२१**

**प्रस्तावना :** नेपालको संबिधानद्वारा प्रदत्त शिक्षा सम्बन्धि मौलिक हकहरूलाई व्यवहारमा कार्यान्वयन गरी आधारभूत र माध्यमिक शिक्षामा सबैको सहज, समतामुलक पहुँच कायम गर्न, शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित, गुणस्तरीय, जीवनोपयोगी एवम् प्रतिस्पर्धी बनाउँदै बालबालिकाहरुको चौतर्फी विकास गर्न वान्छनीय भएकोले, स्थानीय सरकार संचालन

ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम कोटहीमाई गाउँसभाले यो ऐन बनाएको छ ।

# परिच्छेद १

# प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ**: क) यस ऐनको नाम "कोटहीमाई गाउँ शिक्षा ऐन, २०८० रहनेछ।

ख) यो ऐन स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "**ऐन**" भन्नाले **"कोटहीमाई गाउँ शिक्षा ऐन,२०८०"** लाई सम्झनु पर्दछ।

ख) **"सम्बन्धित मन्त्रालय"** भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्दछ।

ग) **"गाउँपालिका"** भन्नाले कोटहीमाई गाउँपालिकालाई सम्झनु पर्दछ।

घ) **"सभा"** भन्नाले कोटहीमाई गाउँपालिकाको गाउँसभा लाई सम्झनु पर्दछ।

ङ) **" प्रारम्भिक बालविकास शिक्षा"** भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनु पर्दछ।

च) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठ सम्मको शिक्षा सम्झनु पर्दछ।

छ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्मको शिक्षालाई सम्झनु पर्दछ।

ज) **"सामुदायिक विद्यालय"** भन्नाले संघीय सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्दछ।

झ) **“विशेष शिक्षा”** भन्नाले दृष्टिबिहिन, अटिजम, बौद्धिक अपाङ्गता,सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समुहमा राखी विशेष प्रकारले निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्दछ ।

ञ) **“विद्यालय”** भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्दछ ।

ट) **“संस्थागत विद्यालय”** भन्नाले संघीय सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

ठ) **“आधारभूत विद्यालय”** भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठ सम्म पढाई हुने विद्यालय सम्झनु पर्दछ ।

ड) **“माध्यमिक विद्यालय”** भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा बाह्र सम्म पढाई हुने विद्यालय सम्झनु पर्छ ।

ढ) **“विद्यालय शिक्षा”** भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्दछ ।

ण) **“शिक्षक”** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेत लाई जनाउनेछ ।

त) **“कर्मचारी”** भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीहरुलाई सम्झनु पर्छ ।

थ) **“तोकिएको”** वा **“तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

द) **“शैक्षिक गुठी’** भन्नाले विद्यालय संचालन गर्नका लागि कुनै संस्था वा व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि शैक्षिक गुठी सम्झनु पर्छ ।

ध) **“आधारभूत शिक्षा उत्तीर्ण परीक्षा”** भन्नाले आधारभूत तहको अन्त्यमा हुने कक्षा ८ को वार्षिक परीक्षालाई सम्झनु पर्दछ ।

न) **“अनुमति”** भन्नाले संघीय सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान नगरेको कुनै तोकिएको थुन वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

ऩ) **“ स्वीकृति”** भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

प) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटि इमिग्रेन्ट भिसा (डी.भी.) परमानेन्ट रेजिडेन्ट भिजा (पी.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

फ) **"आयोग"** भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्छ।

ब) **"समावेशी शिक्षा"** भन्नाले देहायको शिक्षा सम्झनु पर्दछ:

१) दृष्टिबिहीन, न्यून दृष्टियुक्त,सुस्त श्रवण,अटिजम.बौद्धिक शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही दिइने शिक्षा,

२) सामाजिक,आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

भ) **"अनिवार्य शिक्षा"** भन्नाले संघिय सरकार द्वारा तोकिएको उमेर समुहका बालबालिकाहरुलाई विद्यालय वा अन्य बैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पुरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्दछ।

म) **"नि:शुल्क शिक्षा"** भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शिर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्दछ।

य) **"बोर्ड"** भन्नाले स्थानीय तहमा परीक्षा संचालन गर्न गठन गरिएको परीक्षा बोर्डलाई सम्झनु पर्दछ।

र) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको नेतृत्व बहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनु पर्दछ।

ऱ) **"परिषद"** भन्नाले कोटहीमाई गाउँपालिकाको गाउँ शिक्षा परिषद एवम् विद्यालय स्तरको शिक्षा परिषदलाई सम्झनु पर्दछ।

ल) **“शाखा”** भन्नाले कोटहीमाई गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद हेर्ने शाखालाई सम्झनु पर्दछ ।

ळ) **“शिक्षक अभिभावक संघ”** भन्नाले विद्यालयका शिक्षक र अभिभावकहरुको संघलाई सम्झनु पर्दछ ।

ऴ) **“अभिभावक”** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै वा हजुरबुवा, हजुरआमा वा प्रमाणित संरक्षक व्यक्ति/संस्थालाई सम्झनु पर्दछ ।

व) **“शिक्षक महासंघ”** भन्नाले शिक्षकहरुको छाता संगठनलाई जनाउने छ ।

# परिच्छेद २

# शिक्षामा नागरिकको पहुँच र गाउँपालिकाको दायित्व

३. **शिक्षा प्राप्त गर्ने अधिकार:** गाउँपालिका बासी प्रत्येक नागरिकलाई औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

४. **शिक्षा प्रदान गर्ने दायित्व:** गाउँपालिका बासी प्रत्येक नागरिकलाई माध्यमिक तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

५. **नागरिकको कर्तव्य:** आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समुहका आफ्ना बालबालिकाहरुलाई पायक पर्ने विद्यालय र उमेर अनुसारको कक्षामा भर्ना गराई नियमित रुपमा विद्यालय पठाउनु गाउँपालिकाबासी नागरिकको कर्तव्य हुनेछ । शिक्षामा नागरिकको अधिकार एवम् पहुँच र गाउँपालिकाको दायित्व सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद ३

# अनिवार्य तथा नि:शुल्क शिक्षा

६. **अनिवार्य शिक्षा :** यो ऐन प्रारम्भ भएपछि गाउँपालिका भित्र बसोबास गर्ने विद्यालय जाने उमेर पुगेका प्रत्येक बालबालिकालाई आधारभूत तह सम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

७. **अनिवार्य विद्यालय भर्ना :** यो ऐन प्रारम्भ भएपछि प्रत्येक बालबालिकालाई निजको उमेर अनुसारको विद्यालयको कक्षामा अनिवार्य भर्ना गराउनु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ।

८. **पहिचान बिहिन बालबालिका :** गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र अभिभावकको पहिचान नभएका बालबालिका भएमा त्यस्ता बालबालिकाको पालन पोषण तथा माध्यमिक तह सम्मको शिक्षाको व्यवस्था गाउँपालिकाको दायित हुनेछ।

९. **माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क :** प्रत्येक बालबालिकालाई माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क प्राप्त गर्ने अधिकार हुनेछ।

**१०.अनौपचारिक, बैकल्पिक, परम्परागत तथा खुल्ला शिक्षाको व्यवस्था :**

१) गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नागरिकलाई आधारभूत तहसम्म आफ्नो अनुकुल शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

२) अनौपचारिक, बैकल्पिक, खुल्ला तथा परम्परागत शिक्षा पद्दतिको संचालन, संरक्षण र प्रवर्धन गरिनेछ।

**११. सामुदायिक सिकाई केन्द्रको संचालन :** गाउँपालिका क्षेत्र भित्र अनौपचारिक, बैकल्पिक,परम्परागत तथा खुल्ला शिक्षाको व्यवस्थापन एवम् संचालन गर्न, स्वरोजगार तथा सिप विकास सम्बन्धी कार्यक्रम संचालन गर्न,साक्षरता तथा साक्षरोत्तर शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्न सामुदायिक सिकाई केन्द्रहरुको स्थापना तथा संचालन गरिनेछ।

**१२. प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी व्यवस्था :** १) गाउँपालिका भित्र माध्यमिक तह सम्मको समकक्षता हुने गरी बहुप्राविधिक शिक्षाको विकास, अनुसन्धान तथा प्रवर्धन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद स्थापना गरिनेछ ।

२) प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद गठन, काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. स्वास्थ्य उपचारको प्रवन्ध :** आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण, आधारभूत स्वास्थ्य उपचार तथा परामर्श सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ ।

**१४. विद्यार्थीका लागि दिवा खाजा सम्बन्धी व्यवस्था :** दिवा खाजा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी व्यवस्था :** अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद ४

# विद्यालय संचालन, अनुमति, भौतिक पूर्वाधार तथा मापदण्ड

**१६. विद्यालय खोल्न अनुमति लिनुपर्ने :** १) सामुदायिक विद्यालय, शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी राय सहित शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएका विद्यालयले तोकिएको शर्तपालना गरेको देखिएमा तोकिए बमोजिम स्वीकृति प्रदान गरिनेछ ।

४) यो दफा प्रारम्भ हुँदाको बखत कम्पनीको रुपमा संचालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय संचालन गर्न गाउँशिक्षा समिति समक्ष निवेदन दिन सक्नेछ।

५) उपदफा (४) बमोजिम निवेदन परेमा गाउँ शिक्षा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम संचालन गर्न अनुमति दिन सक्नेछ।

६) उपदफा (२),(३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठी र कम्पनीको रुपमा संचालन गर्न पाउने गरी अनुमति दिइने छैन:

क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएको विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई संचालन भएको विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य गरेका भए र सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई संचालन भएको विद्यालय,

**१७. शैक्षिक संस्थाको संचालन र व्यवस्थापन सम्बन्धि व्यवस्था :** पुर्वप्राथमिक विद्यालय, मन्टेश्वरी, भाषा कक्षा, कोचिंग जस्ता शैक्षिक संस्थाको संचालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**१८. यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहायका कुरामा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ :**

क) शैक्षिक गुठी संचालक बोर्ड (ट्रष्ट) संगठित संस्थाको रुपमा हुनुपर्ने,

ख) शैक्षिक गुठी संचालन गर्दा संचालक बोर्ड (ट्रष्ट) मा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजि गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्ने,

ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका संचालक (ट्रष्ट) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्ने सक्ने तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ।

ङ) यस सम्बन्धी अन्य व्यवस्था गुठी सम्बन्धी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

१९. कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय संचालन गर्न चाहेमा गाउँशिक्षा समितिको सिफारिसमा कार्यपालिकाबाट अनुमति लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय संचालन गर्न सक्नेछ।

२०. दफा १९ बमोजिम संचालित विद्यालयले अध्यापन गराउनु पर्ने विषय,पालना गर्नुपर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. दफा १६ को उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बंधना गर्ने गरी कसैलाई पनि अनुमति दिइने छैन तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा सम्बन्धित संघीय मन्त्रालयबाट स्वीकृति प्राप्त भएमा विद्यालय खोल्न गाउँपालिकाले अनुमति दिन सक्नेछ।

२२. दफा २१ बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले तोके बमोजिमको विद्यालय संचालन नगरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ।

२३. दफा २१ बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागु हुनेछैन।

**२४. विद्यालय खोल्न अनुमति माग गर्ने :** १) संस्थागत विद्यालय खोल्न अनुमति माग गर्दा सबैभन्दा नजिकका कम्तिमा दुईवटा विद्यालयको सहमति लिनु पर्नेछ।

२) नजिकका विद्यालयहरुबाट गाउँपालिकाले तोकेको कम्तिमा १ किमी दुरी हुनुपर्नेछ।

३) यसरी विद्यालय संचालनको अनुमति माग गर्दा सम्बधित वडाको सिफारिस संलग्न गर्नुपर्नेछ ।

४) अनुमति वा दुरीको सम्बन्धमा विवाद भई सम्बन्धित विद्यालयको सहमति हुन नसकेमा गाउँशिक्षा समितिले वस्तुस्थिति विश्लेषण गरी विद्यालय खोल्न गाउँकार्यपालिकालाई सिफारिस गर्न सक्नेछ ।

**२५. माध्यमिक शिक्षाको वर्गीकरण :** संघिय कानुन तथा प्रदेश कानुनमा अन्य व्यवस्था भएकोमा बाहेक माध्यमिक शिक्षालाई देहाय बमोजिम वर्गीकरण गरिनेछ ।

क) साधारण माध्यमिक शिक्षा

ख) संस्कृत माध्यमिक शिक्षा

ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**२६. शिक्षाको माध्यम :** १) विद्यालय शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

क) आधारभूत शिक्षा मातृभाषामा समेत दिन सकिनेछ ।

ख) भाषा विषयको अध्यापन गराउदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**२७. विद्यालय सार्ने , गाभ्ने, नाम परिवर्तन र विद्यालय बन्द गर्न सकिने :** १) तोकिएको अधिकारीले गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार संचालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा स्थानतरण गर्न, दुई वा दुई भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको क्षेत्रमा विद्यालयको कक्षा थप गरी संचालन गर्न अनुमति दिन सक्नेछ ।

२) विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन र विद्यालय बन्द गर्ने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२८. विद्यालयको सम्पत्ति:** विद्यालयको सम्पत्तिको स्वामित्व देहाय बमोजिम हुनेछ :

क) सामुदायिक विद्यालयको स्वामित्वमा रहेको सम्पत्ति विद्यालयको मानिनेछ।

ख) शैक्षिक गुठी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोहि विद्यालयको नाममा रहनेछ।

ग) कम्पनी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोहि कम्पनीको नाममा रहनेछ

**२९. विद्यालयको सम्पत्ति सम्बन्धी अन्य व्यवस्था :** विद्यालयको भौतिक सम्पत्ति संरक्षण गर्ने दायित्व विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिको हुनेछ, यस सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३०. शुल्क छुट र सुविधा :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित गैर नाफा मुलक संस्थागत विद्यालयको नाममा जग्गा खरिद गर्दा, संरचना निर्माण गर्दा वा अन्य तोकिएको लिखत पारित गर्दा लाग्ने शुल्क वा अन्य दस्तुर छुट दिइनेछ।

**३१. शुल्क सम्बन्धि व्यवस्था :** १) सामुदायिक विद्यालयले बालबालिका संग कुनै प्रकारको शुल्क लिन पाइने छैन।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयले दान, उपहार एवम् सहयोग लिन सक्नेछ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नको लागि संघिय कानुन बमोजिम व्यवस्था गरिनेछ।

**३२. विद्यालय कोष :** १) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछ ।

क) संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

ख) गाउँपालिकाबाट प्राप्त अनुदान,

ग) अभिभावकहरुबाट प्राप्त सहयोग,

घ) चन्दा वा दान दातव्यबाट प्राप्त सहयोग,

ङ) विद्यालयको भौतिक सम्पत्ति उपयोग प्राप्त आय,

च) अन्य स्रोतबाट प्राप्त सहयोग वा अनुदान ।

२) उपदफा (१) बमोजिमको कोषको संचालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

३) विद्यालय कोष सम्बन्धि अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

**३३. प्रारम्भिक बाल विकास शिक्षा :** १) प्रारम्भिक बालविकास शिक्षाको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

२) गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**३४. विद्यालय संचालन समय :** विद्यालय संचालन समय तोकिए बमोजिम हुनेछ ।

**३५. प्रधानाध्यापकको व्यवस्था :** प्रधानाध्यापकको नियुक्ति, पदावधि, काम, कर्तव्य , अधिकार
र कार्यसम्पादन सम्झौता तोकिए बमोजिम हुनेछ ।

**३६. गाउँपालिका विद्यालय शिक्षा परिषद सम्बन्धि व्यवस्था :** १) गाउँपालिकाको शिक्षा सम्बन्धि नीति निर्धारण गर्ने सम्बन्धमा गाउँ कार्यपालिकालाई सल्लाह सुझाव दिन गाउँपालिका शिक्षा परिषद रहनेछ ।

२) विद्यालय स्तरमा समेत विद्यालय शिक्षा परिषद्को गठन हुनेछ ।

३) उपर्युक्त परिषद्को गठन, काम,क्षेत्र अधिकार तोकिए बमोजिम हुनेछ।

**३७. शिक्षा शाखा सम्बन्धि व्यवस्था :** १) गाउँपालिकाको शिक्षा सम्बन्धि नीति तथा कार्यक्रमको कार्यन्वयन,अनुगमन,आवधिक योजना निर्माण, प्रगति प्रतिवेदन तयारी, प्रस्तुति र पेश गर्ने दायित्व गाउँपालिका अन्तर्गत रहेको शिक्षा शाखाको हुनेछ।

२) गाउँपालिका शिक्षा  शाखाको संरचना तोकिए बमोजिम हुनेछ।

# परिच्छेद ५

# आचार संहिता, सरुवा तथा सेवाका शर्तहरु

**३८. अचारसंहिता :** शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको अचारसंहिता तोकिए बमोजिम हुनेछ।

**४०. शिक्षक सरुवा :** १) आवश्यकता अनुसार गाउँ कार्यपालिकाले गाउँपालिका क्षेत्र भित्रका एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको सरुवा र काज सरुवा गर्न सक्नेछ।

२) शिक्षक सरुवा र काज सरुवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४१. शिक्षकको सेवाका सर्तहरु :** १) शिक्षकको सेवाका सर्तहरु संघिय कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

२) गाउँपालिका अनुदान शिक्षक ( स्वयमसेवक शिक्षक ) को सेवाका शर्तहरु गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

३) संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरुको सेवाका न्युनतम शर्तहरुमा समेत एकरुपता ल्याइनेछ।

४) विद्यालय कर्मचारीको सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ।

**४२. विद्यालय कर्मचारी सम्बन्धि व्यवस्था :** विद्यालय कर्मचारी सम्बन्धि व्यस्था तोकिए बमोजिम हुनेछ।

# परिच्छेद ६
# बजेट विनियोजन तथा अनुदान

**४३. बजेट विनियोजन तथा अनुदान :** गाउँपालिकाले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत विद्यालयको विद्यार्थी संख्या, सिकाई उपलब्धि तथा भौतिक अवस्थाको आधारमा आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्ने प्रयोजनका लागि निश्चित रकम विनियोजन गर्नु पर्नेछ ।

**४४. अन्य व्यक्ति वा संस्थाको सहायता लिन सकिने :** विद्यालयले विद्यालय विकासका लागि अन्य व्यक्ति वा संस्थाको सहायता लिन सक्नेछ । यसरी लिएको सहायताको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ ।

**४५. गाउँ शिक्षा कोष :** १) गाउँपालिकामा एउटा छुट्टै गाउँ शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकम हुनेछन ।

क) संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

ख) शिक्षा कर बाट उठेको रकम,

ग) सहयोगबाट उठेको रकम,

घ) गाउँपालिकाबाट विनियोजित रकम,

ङ) दाङ,दातव्य तथा अन्य स्रोतबाट प्राप्त रकम ।

२) उपदफा (१) बमोजिम कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

३) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**४६. भौतिक पूर्वाधार तथा मापदण्ड :** विद्यालयको संचालनका लागि आवश्यक भौतिक पूर्वाधार तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद ७

# प्रोत्साहन,उत्प्रेरणा,जरिवाना तथा कारवाही

**४७. प्रोत्साहन,उत्प्रेरणा सम्बन्धि व्यवस्था :** विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी वा सदस्यहरुलाई देहाय बमोजिमका उत्कृष्ट कार्य गरे वापत तोकिए बमोजिम प्रोत्साहन तथा उत्प्रेरणा प्रदान गरिनेछ ।

क) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नमा महत्वपूर्ण योगदान पुर्याएमा,

ख) विद्यालयको व्यवस्थापन पक्ष उत्कृष्ट देखिएमा,

ग) विषयगत सिकाई उपलब्धिमुलक र उत्कृष्ट भएमा,

घ) विद्यालय र समुदायको सम्बन्ध उत्कृष्ट रुपमा विकसित गराएमा,

ङ) खोज,अध्ययन,अनुसन्धान तथा रचनात्मक कार्य गरेमा.

च) शिक्षा सम्बन्धी नविनतम ज्ञान, प्रविधि तथा शिक्षण विधिको विकास गरेमा वा प्रयोग गरेमा,

छ) विद्यालयलाई आर्थिक तथा भौतिक सहयोग गरेमा ।

**४८. कसुर तथा जरिवाना :** शिक्षक वा कर्मचारीलाई विभागीय कारवाहीका लागि देहायका अवस्थामा तोकिएको अधिकारी समक्ष कारवाहीका लागि सिफारिस गरिनेछ ।

क) पदीय दायित्व पुरा नगरेमा,

ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

ग) विद्यालयमा मादक पदार्थ तथा लागु औषधी सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन वा कुनै फौजदारी कसुर सम्बन्धि अभियोग प्रमाणित भएमा,

ङ) विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप संचालन गरेमा,

च) विद्यालयको अहित हुने कुनै कार्य गरेको प्रमाणित भएमा ।

**४९. दण्ड र सजाय :** १) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित फौजदारी कानुन बमोजिम कारवाही हुनेछ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानुन अनुसार सजाय हुनेछ।

क) प्रश्नपत्रको गोपनियता भंग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा, प्रवेश गरी परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भंग हुने अरु कुनै कार्य गरेमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पुर्व तयारी कक्षा संचालन गरेमा।

३) उपदफा (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली उलंघन गरेमा वा विद्यालयको हितको प्रतिकुल हुने गरी कुनै अवान्छित गतिविधि गरेमा कार्यपालिका वा तोकिएको अधिकारीले देहाय बमोजिमको सजाय गर्न सक्नेछ।

क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिसंग आवश्यक बुझी कारवाही गर्ने,

ख) गाउँशिक्षा समितिको सिफारिसमा कसुरको मात्र हेरी कारवाही गर्ने,

ग) गाउँशिक्षा समितिको सिफारिसमा विद्यालयलाई गाउँपालिकाबाट प्रवाह हुने सहायता घटाउने, रोक्ने वा बन्द गर्ने अन्य कसुरमा प्रचलित कानुन बमोजिम कारवाही गर्ने।

**५०. सफाइको मौका प्रदान गर्नुपर्ने :** कारवाही, सजाय वा जरिवाना गर्दा कारवाही गर्ने अधिकारी वा निकायले सम्बन्धित शिक्षक वा कर्मचारीलाई सफाइको मौका दिनु पर्नेछ।

**५१. पुनरावेदन :** कारवाही र सजायमा चित नबुझेमा जिल्ला अदालतमा ३५ दिन भित्र पुनरावेदन गर्न पाइनेछ।

## परिच्छेद ८

# खेलकुद,अतिरिक्त क्रियाकलाप,प्रतिभा पहिचान र छात्रवृति

**५२. खेलकुद, अतिरिक्त क्रियाकलाप तथा प्रतिभा पहिचान सम्बन्धि व्यवस्था :** १) बालबालिकाको विविध प्रतिभाको पहिचान तथा प्रस्फुटनका लागि गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप समितिको गठन गरिनेछ।

२) खेलकुद तथा अतिरिक्त क्रियाकलाप समितिको गाथा, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**५३. छात्रवृति :** १) मानव विकासको सूचकांकका दृष्टिकोणले तोकिएको सूचकांक भन्दा पछाडी परेका समुदाय वा आर्थिक रुपले विपन्न वा अपाङ्गता भएका बालबालिकालाई माध्यमिक तथा उच्च शिक्षा प्राप्त गर्न तोकिए बमोजिम छात्रवृति प्रदान गरिनेछ।

२) छात्रवृति प्रदान गर्दा आर्थिक पारदर्शिता अवलम्बन गरिनेछ।

३) आर्थिक पारदर्शिता सम्बन्धि मापदण्ड तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ९

# पाठ्यक्रम, परीक्षाबोर्ड, गुणस्तर, अनुसन्धान तथा प्रविधि

**५४. स्थानीय पाठ्यक्रम निर्माण :** १) गाउँपालिका भित्रका विद्यालयहरुमा स्थानीय आवश्यकता, भौगोलिक विशेषता, स्थानीय संस्कृति, कला, व्यवसाय, वातावरण तथा प्रकृतिको संरक्षण, पुरातात्विक सम्पदा संरक्षण, मुल्य र मान्यता समेतको शिक्षा प्रदान गर्ने प्रयोजनका लागि गाउँ शिक्षा समितिले स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नेछ।

२) स्थानीय पाठ्यक्रम निर्माण गर्दा आवश्यकता अनुसार विज्ञहरुको सल्लाह, सुझाव लिइनेछ।

५५. गाउँपालिका परीक्षाबोर्डको गठन, काम, कर्तव्य र अधिकार : १) स्थानीय तहमा संचालन हुने आधारभूत तह ( कक्षा-८ ) उत्तीर्ण परीक्षा संचालन, व्यवस्थापन, नियन्त्रण र समन्वय गर्न तोकिए बमोजिमको स्थानीय परीक्षाबोर्ड गठन गरिनेछ।

२) स्थानीय परीक्षाबोर्डको काम,कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

३) बोर्डको पदाधिकारीको पदावधि ३ वर्षको हुनेछ।

**५६. स्थानीय शैक्षिक तालिम केन्द्रको व्यवस्था :** १) गाउँपालिका भित्रका विद्यालय, शिक्षक तथा कर्मचारीको पेसागत दक्षता र क्षमता अभिवृध्ही गर्नका लागि स्थानीय शैक्षिक तालिम केन्द्रको व्यवस्था गरिनेछ।

२) स्थानीय शैक्षिक तालिम केन्द्रको व्यवस्था,काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**५७. अनुसन्धान तथा प्रविधिको विकास सम्बन्धि व्यवस्था :** १) आधारभूत तथा माध्यमिक शिक्षा सम्बद्ध क्षेत्रमा नयाँ प्रविधि तथा प्राविधिक सीप विकासका लागि खोज तथा अनुसन्धानलाई प्रवर्धन गर्न गाउँपालिकाले नीति तथा कार्यक्रम तर्जुमा गर्नेछ।

२) अनुसन्धान तथा विकास सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५८. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको गठन,काम,कर्तव्य र अधिकार :** विद्यालय शिक्षाको गुणस्तर मापन गर्ने काम समेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहनेछ र शैक्षिक गुणस्तर परीक्षण केन्द्रको गठन,काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**५९. प्रविधिको विकास सम्बन्धि व्यवस्था :** प्रविधिको विकास सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ

**६०. विद्यालयको पाठ्यक्रम र पाठयपुस्तक :** १) विअदयालाय्ले संघीय सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्नेछ ।

२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यन्वयन गर्न (१) ले बाधा पुर्याउने मानिने छैन ।

३) उपदफा (२) बमोजिम निर्माण गरिएको पाठ्यक्रम संस्थागत विद्यालयले समेत अनिवार्य रुपमा लागु  गर्नुपर्नेछ ।

४) संस्थागत विद्यालयको पाठ्यक्रममा एकरुपता ल्याईनेछ ।

# परिच्छेद १०

# गाउँशिक्षा समिति, वडा शिक्षा समन्वय समिति,विद्यालय व्यवस्थापन समिति

**६१. गाउँशिक्षा समिति सम्बन्धि व्यवस्था :** १) गाउँपालिका क्षेत्रभित्रका विद्यालयको रेखदेख , व्यवस्थापन र समन्वय एवम् शैक्षिक नीति निर्माण गर्ने काम समेतका लागि गाउँशिक्षा समितिको गठन गरिनेछ ।

२) गाउँशिक्षा समितिको गठन देहाय बमोजिम हुनेछ :

क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

ख) गाउँ कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना कार्यपालिकाको सदस्य -सदस्य

ग) गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष मध्ये कार्यपालिकाले तोकेको  १ जना -सदस्य

घ) अभिभावक,शिक्षाप्रेमी,बुद्धिजीवी र समाजसेवी व्यक्ति मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना -सदस्य

ङ) गाउँपालिका भित्र रहेका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको १/१ जना गरी जम्मा २ जना -सदस्य

च) शिक्षक महासंघको प्रतिनिधि १ जना -सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ज) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

३) समितिको मनोनित पदाधिकारीको पदावधि ३ वर्षको हुनेछ।

४) समितिको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**६२. विद्यालय व्यवस्थापन समितिको गठन :** १) सामुदायिक तथा संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

२) सामुदायिक विद्यालय व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ:

क) विद्यालयका अभिभावकहरुले आफु मध्येबाट छानी पठाएका २ जना महिला सहित ४ जना -सदस्य

ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको १ जना -सदस्य

ग) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुहरु मध्येबाट छानेर पठाएको शिक्षक प्रतिनिधि १ जना -सदस्य

घ) विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको विद्यालय संसथापक वा निजका सन्तति,शिक्षाप्रेमी, बुद्धिजीवी,समाजसेवी, चन्दादाता हरुबाट सोहि क्षेत्रको कम्तिमा १ जना महिला सहित २ जना -सदस्य

ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

३) विद्यालयको व्यवस्थापन समितिको पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा ७ दिन भित्र बसी बुंदा नं (घ) बमोजिमको सदस्य मनोनित गर्ने साथै (क), (ख) र (घ) का सदस्यहरु मध्येबाट अध्यक्षको चयन सर्वसम्मत रुपमा चयन गर्नुपर्नेछ, यदि सर्वसम्मत नभएमा सम्पूर्ण सदस्यको बहुमतबाट अध्यक्ष चयन गरिनेछ।

४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको छनौट भएको मितिले १५ दिन भित्रमा बुँदा नं. (घ) बमोजिमको सदस्य मनोनित तथा अध्यक्षको छनौट हुन नसकेमा गाउँकार्यपालिकाले उक्त सदस्य मनोनित र अध्यक्ष समेत तोक्न सक्नेछ।

५) विद्यालय व्यवस्थापन समितिले आवश्यकता अनुसार समितिको बैठकमा सम्बन्धित विद्यालयको बाल क्लबका प्रतिनिधि १ जना छात्र सहित २ जनालाई आमन्त्रित गर्न सक्नेछ।

६) प्राविधिक तथा व्यवसायिक विषय अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा गाउँपालिका भित्र प्रविधि उद्योग तथा बाणिज्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट गाउँशिक्षा समितिको अध्यक्षले तोकेको व्यक्ति १ सदस्य थप गरिनेछ।

७) विशेष शिक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति १ जना सदस्य थप गर्न सकिनेछ ।

८) समितिका पदाधिकारीहरुको पदावधि ३ वर्षको हुनेछ।

९) गाउँ शिक्षा शाखा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ।

१०) अध्यक्षको शैक्षिक योग्यता मा.वि. तहसम्मका लागि स्नातक तह उत्तीर्ण र आधारभूत तहका लागि प्रविणता प्रमाणपत्र वा सोसरह उत्तीर्ण भएको हुनुपर्नेछ।

११) अध्यक्ष चयनका लागि उपदफा १० बमोजिमको शैक्षिक योग्यता कुनै पनि

सदस्यहरुमा नभएमा उपदफा १० बमोजिमको व्यवस्था बाध्यताकारी हुनेछैन। तर अध्यक्ष चयनका लागि माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिनु पर्नेछ।

**६३. गाउँपालिका भित्र संस्थागत विद्यालयहरुको संचालन,रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था :** १) प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) विद्यालयका संचालकहरुले आफुहरु मध्ये सिफारिस गरेका गाउँ शिक्षा समितिले मनोनित गरेको व्यक्ति -अध्यक्ष

ख) वडा समितले तोकेको वडा सदस्य मध्येबाट १ जना -सदस्य

ग) अभिभावकहरु मध्येबाट कम्तिमा १ जना महिला समेत पर्ने गरी अभिभावकहरुले छानी पठाएका २ जना - सदस्य

घ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफु मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १ जना -सदस्य

ङ) विद्यालय संचालक, शिक्षा प्रेमी,बुद्धिजीवीहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको व्यक्ति १ जना -सदस्य

च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

२) विद्यालय व्यवस्थापन समितिको बैठकमा सम्बन्धित विद्यालयको बालक्लबका प्रतिनिधिको रुपमा कम्तिमा १ जना छात्रा सहित २ जनालाई आमन्त्रित गरिनेछ।

३) विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**६४. विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्ने :** १) सामुदायिक विद्यालयको व्यवस्थापन सुधार गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाले स्वयम् जिम्मा लिनेछ। यस कार्यका लागि विज्ञहरुको सहयोग लिन सक्नेछ।

२) यस सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

**६५. शिक्षक अभिभावक संघको गठन :** सामुदायिक विद्यालयको आर्थिक तथा शैक्षिक व्यवस्थापनलाई नतिजामुखी,पारदर्शी तथा जवाफदेही बनाउन र सामाजिक परीक्षणलाई व्यवस्थित गर्न तथा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने प्रयोजनार्थ सहयोग पुर्याउन प्रत्येक विद्यालयमा एक शिक्षक अभिभावक संघको गठन गरिनेछ। देहाय बमोजिम हुनेछ।

**६६. शिक्षक अभिभावक संघको गठन :** १) विद्यालयको शिक्षक अभिभावक संघको कार्यसमिति‍को गठन देहाय बमोजिम हुनेछ:

क) विद्यालयका अभिभावकहरुले आफुहरु मध्येबाट छनौट गरी पठाएको प्रतिनिधि -संयोजक

ख) विद्यालयका अभिभावकहरुले आफुहरु मध्येबाट छनौट गरी पठाएका कम्तिमा २ जना महिला सहित ५ जना -सदस्य

ग) विद्यालयका शिक्षकहरुले आफुहरु मध्येबाट छनौट गरी पठाएका कम्तिमा १ जना महिला सहित ३ जना -सदस्य

घ) विद्यालयमा कायम रहेको आमा समुहद्वारा छनौट गरी पठाएका आमा समुहका अध्यक्षहरु मध्यबाट १ जना -सदस्य

ङ) विद्यालयमा कायम रहेको पुर्व विद्यार्थी समाजका अध्यक्ष वा प्रतिनिधि मध्ये कम्तिमा १ महिला सहित २ जना -सदस्य

२) विद्यालय व्यवस्थापन समीति अध्यक्ष र प्रधानाध्यापक पदेन सदस्य रहने छन्।

३) समितिमा प्रतिनिधित्व गर्ने शिक्षक सदस्यहरु मध्येबाट सदस्य छनौट गरिनेछ।

४) मा.वि. तहसम्मको विद्यालयको हकमा संयोजकको न्युनतम शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण भएको र आ.वि.तहसम्मको विद्यालयको हकमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको हुनपर्नेछ।

५) संयोजक चयनका लागि उपदफा (४) बमोजिमको शैक्षिक योग्यता कुनै पनि सदस्यहरुमा नभएमा उपदफा (४) बमोजिमको व्यवस्था बाध्यकारी हुनेछैन । तर संयोजक चयनका लागि माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिनु पर्नेछ ।

**६७. शिक्षक अभिभावक संघको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।**

**६८. विघटन गर्न सकिने :** १) यस ऐन तथा प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समन्वय समिति तथा यस बमोजिम गठन भएका समिति वा उप समितिहरुलाई गाउँशिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले विघटन गर्न सक्नेछ । साथै गाउँ शिक्षा समितिलाई पनि कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

२) विघटन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । विघटन गर्नु अघि सम्बन्धित समितिलाई आफ्नो सफाई पेश गर्ने अवसरबाट बन्चित गरिने छैन ।

# परिच्छेद ११

# विविध व्यवस्था

**६९. निर्देशन दिन सक्ने :** १) गाउँ शिक्षा समिति, वडा शिक्षा समन्वय समिति एवम् विद्यालय व्यवस्थापन समितिलाई गाउँ पालिका अध्यक्षले आवश्यक निर्देशन दिन सक्नेछन । त्यस्तो निर्देशन विद्यालयको हितमा हुनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु शिक्षा संग सम्बद्ध सबै समितिको कर्तव्य हुनेछ ।

**७०. प्रगति विवरण बुझाउनु पर्ने :** १) प्रत्येक विद्यालयले तोकिए बमोजिमको शैक्षिक विवरण विद्यार्थी भर्ना म्याद समाप्त भएको मितिले १५ दिन भित्र शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

२) तोकिएको विवरण तथा आर्थिक सूचक समेत देखिने गरी आर्थिक वर्ष सुरु भएको ३ महिनाभित्र शिक्षा शाखा पेश गर्नु पर्नेछ ।

**७१. विद्यालयको वर्गीकरण :** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**७२. विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्ने :** १) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय हाताभित्र कुनै किसिमको बन्द हड्ताल वा अवान्छित क्रियाकलाप र गतिविधि हुन नदिने तथा पठनपाठन एवम् शैक्षिक क्रियाकलापलाई बाधा पर्ने गरी कसैले कुनै पनि अन्य संचालन गर्न नपाउने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नुपर्नेछ।

२) कसैले विद्यालय बन्द हुने गरी क्रियाकलाप गरेमा वा बन्द गर्ने प्रयास गरेमा त्यस्ता व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

**७३. स्थायी आवासीय अनुमति लिन नहुने :** १) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले वैदेशिक स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन पाइने छैन।

२) यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए आवासीय अनुमति वा आवेदन तोकिएको अवधि भित्र फिर्ता लिनु पर्नेछ।

३) उपदफा (२) बमोजिम तोकिएको अवधि भित्र आवेदन वा आवासीय अनुमति फिर्ता नलिएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा सरकारी नोकरीमा अयोग्य नठहरिने गरी सेवाबाट मुक्त गर्ने सिफारिस गर्नु पर्नेछ।

**७४. योग्यता :** विद्यालयका शिक्षकका लागि चाहिने शैक्षिक योग्यता संघीय कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

**७५. पारिश्रमिक :** (१) संघीय कोषबाट व्यहोर हुने शिक्षकको पारिश्रमिक संघिय कानुन बमोजिम र गाउँपालिकाले बहन गर्नुपर्ने पारिश्रमिकको हकमा तोकिए बमोजिम हुनेछ।

२) विद्यालयका कर्मचारीको पारिश्रमिक तोकिए बमोजिम हुनेछ।

**७६. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या, विषय र कक्षाका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

**७७. बालबालिकालाई निष्काशन गर्न, शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने :** १) प्रचलित कानुनमा बालबिज्याई वा अपराध हुने कार्य बाहेक कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

३) कसैले सो कार्य गरे, गराएमा प्रचलित कानु बमोजिम सजाय हुनेछ।

४) कानुनद्वारा बन्देज लगाइएका कुनै पनि क्रियाकलाप गरेमा विद्यालयले आवश्यक कारवाही गर्न सक्नेछ।

**७८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन।

**७९. अदालतको आदेशबाट पुनर्बहाली हुन् सक्ने :** विभागीय सजाय भई नोकरीबाट हटाइएका वा बर्खास्त भएका शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ।

**८०. मुद्दा हेर्ने अधिकारी :** १) दफा (४८) बमोजिम कसुर सम्बन्धि मुद्दामा कारवाही र किनारा गर्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

**८१. दरबन्दी सिर्जना गर्न सक्ने :** १) संघीय सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका सामुदायिक विद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसार निश्चित

समयका लागि आफ्नै स्रोतबाट तलब भत्ता व्यहोर्ने गरी करार शिक्षक,घुम्ती शिक्षक,स्वयम् सेवक शिक्षक तथा कर्मचारीको दरबन्दी सिर्जना गर्न सक्नेछ ।

२) दरबन्दी सिर्जना सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३) उल्लेखित शिक्षक र कर्मचारीहरुको सेवा सुविधा तथा सर्त तोकिए बमोजिम हुनेछ ।

**८२. मादक पदार्थ र सुर्तीजन्य पदार्थ बेचबिखन गर्न नपाउने :** विद्यालयको २०० मिटर क्षेत्रभित्र कुनै पनि मादक पदार्थ र सुर्तीजन्य पदार्थ बेचंबिखन र सेवन गर्न/गराउन पाइने छैन ।

**८३. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

**८४. बाधा अड्काउ हटाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ ।

**८५. खारेजी र बचाऊ :** १) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोहि बमोजिम नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संबिधान,संघिय तथा प्रदेश कानुन संग बाझिएमा बाझिएको हद सम्म स्वतः निष्क्रिय हुनेछ ।

**४) यो ऐन प्रारम्भ हुनु पहिले भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।**

आज्ञाले

राजन श्रीवास्तव

प्रमुख प्रशासकीय अधिकृत